# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६ संख्या ५ माघ २०८०**


## भाग-२

### डायर मेसिन संचालन तथा व्यवस्थापन कार्यविधि - २०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-१०-२८**
**प्रमाणिकरण मितिः २०८०-११-०३**

शिवसताक्षी नगरपालिका भित्रक कृषक परिवार को कृषि उत्पादनलाइ प्रोत्साहित गर्न, उनिहरुले उत्पादन गरेको खाद्यान्नलाइ आधुनिक प्रविधि मार्फत सुकाउने व्यवस्था र सो उत्पादनको बजारीकरणलाइ थप सहज बनाइ कृषकहरुको खाद्य उपादकत्व बढाइ कृषि क्षेत्रबाट नगरको आर्थिक विकासमा ठोस योगदान पुर्याउन आवश्यक देखिएको हुँदा स्थानीय ऐन २०७४ को दफा १०२ अनुसार कार्यपालिकाबाट मितिः २०८०।१०।२८ बाट स्वीकृत गरि यो कार्यविधि तयार गरिएकोछ ।

### परिच्छेद - १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "डायर मेसिन संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहने छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा**

**क) उपकरण वा मेसिन भन्नाले :** कृषि क्षेत्रमा प्रयोग हुने कृ षकहरुले उत्पादन गरेको कृषि उपजलाइ सुकाउने उपकरणको रुपमा बुझ्न पर्दछ ।.

**ख) कार्यविधि भन्नाले :** डायर मेसिन संचालन तथा व्यवस्थापन कार्यविधि २०८० लाई बुझ्न पर्छ ।

**ग) कार्यक्रम भन्नाले :** कृषि उपज, डायर गर्ने, खरिद र बिक्री वितरणलाई समेत सम्झनु पर्दछ ।

**घ) वडा समितिको कार्यालय भन्नाले :** शिवसताक्षी नगरपालिका अन्तरगता वडा कार्यालयलाई सम्झनु पर्दछ ।

**ङ) सहकारी संस्था र संस्था भन्नाले :**शिवसताक्षी नगरपालिका क्षेत्रभित्र संचालन रहेका संबन्धित वडाका सहकारी, सामुदायीक संघ-संस्थालाइ, सम्झनु पर्दछ ।

**च) व्यवसायिक कृषक सञ्चालक भन्नाले** : सम्बन्धित निकायमा दर्ता भई सञ्चालनमा रहेका कृषि फर्म वा नीजि मिल सञ्चालकलाई सम्झनु पर्दछ ।

छ) ऐन भन्नाले : प्रचलित ऐनलाइ लाई सम्झनु पर्दछ ।

**३. उद्देश्य : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) स्थानीय कृषकहरुले उत्पादन गरेको कृषि उपज खरिद गर्ने तथा प्रशोधन गरी बिक्री वितरण गर्ने ।

ख) कृषकहरुको आय आर्जन वृद्धि गरी गरिबी निवारण कार्यक्रममा टेवा पुयाउने ।

ग) कृषकहरुको धान लागयतका अन्नबालीको व्यवसायीक उत्पादन र बजारीकरण सहयोग पुराउने ।

## परिच्छेद-३

## कार्यक्रमको क्षेत्र

**४ यस कार्यविधि अनुसार निम्न क्षेत्रहरु समावेश गरिने छ ।**

क) धान लागयतको उत्पादकत्व वृद्धि र बजारीकरण

ख) खाद्यान्न उत्पादक कृषकहरुको हित प्रवर्द्धन

ग) ड्रायर मेसिन संचालन अनुगमन

**५ कार्यक्रम संचालन विधि**

क) नगर कृषि समिति तथा नगरपालिकाको निर्णयानुसार खाद्यान्न सुकाउने ड्रायर मेसिन खरिद गरि व्यवसायिक कृषि संचालकहरुबीच प्रतिष्पर्धा गरि उपलब्ध गराउने ।

ख) ड्रायर मेसिन नगरपालिकाले व्यवसायिक कृषि संचालकलाइ सम्झौता गरि कम्तिमा २५ प्रतिशत लागत साझेदारी सुनिश्चित गर्ने ।

ग) डायर मेसिन केन्द्रको सुरक्षा गर्ने दायित्व डायर मेसिन संचालनकको हुनेछ ।

घ) डायर मेसिन मेशीनका साथै आवश्यक उपकरणका साथै डायर मेसिन केन्द्रको पूर्वाधार संचालक समितिले नै व्यवस्थापन गर्नेछ ।

ङ) स्थानीय कृषकहरुको कृषि उपच समर्थन मुल्यमा खरिद गर्नुपर्ने । कृषि उपज सुकाउने लागतमा प्रचलित मुल्यमा कम्तिमा २५ प्रतिशत छुट गर्ने ।

च) ड्रायर मेशिन संचालनलाइ प्रभावकारी बनाउन नगर कृषि समितिले निरन्तर अनुगमन गरी निर्देशक समितिलाइ प्रतिवेदन गर्ने

## परिच्छेद - ४

### ६ निर्देशक समिति

कार्यक्रम संचालन विधिको अनुगमन गरी ड्रायर मेशिन संचालनको प्रवाभकारिता हासिल गरी नगरको कृषि क्षेत्रको उत्थान गर्नका लागि देहाय बमोजिमको समिति रहने छ ।

१ निर्देशन समिति

- नगर प्रमुख संयोजक
- नगर उपप्रमुख सदस्य
- आर्थिक समितिका संयोजक सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- ड्रायर मेसिन संचालकहरु मध्येबाट संयोजकले एक जना प्रतिनिधि
- कृषि शाखा प्रमुख सदस्य सचिव

२ निर्देशन समितिको काम कर्तव्य र अधिकार

(क) स्थानीय स्तरमा अनुदानमा वितरण भएको कृषि उपकरण तथा मेसिन संचालनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) बजार व्यवस्थापन तथा मेसिन व्यवस्थापन गर्ने आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवद्र्धनात्मक नीति र कार्यहरु गर्ने,

(घ) नगर कृषि समितिको प्रतिवेदन अध्ययन गरी आवश्यक नीतिगत निर्देशन दिने ।

(ङ) धान सुकाउने लागत मुल्य निर्धारणका लागि विषयविज्ञ राखी न्युनतम मुल्य निर्धारण गर्ने ।

३ संयोजक लगायत अन्य सदस्यहरुको जिम्मेवारी र कार्य विभाजन संचालक समितिले आपसी छलफलबाट गर्न सक्नेछ

## परिच्छेद - ५

### ७ ड्रायर मिल संचालकको काम कर्तव्य र अधिकार

क) कृषि तथा खाद्यान्न उपज प्रसोधन तथा खरिदको व्यवस्था मिलाउने ।

ख) कृषि उपजहरुको बजारीकरणको दिगोपन खोज्ने ।

ग) कृषकहरुलाई उत्प्रेरित गर्न धानबाली लागायतको कृषि उपज बढाउन र बजारीकरणमा सहयोग पुर्याउने ।

घ) उत्कृष्ट कृषकलाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

ङ) कृषकलाई समय समयमा विभिन्न    व्यवसायीक कृषि  फर्महरुको अवलोकन भ्रमण गराउने प्रबन्ध मिलाउने ।

च) कृषि शाखासँग समन्वय गरी कृषक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

छ) ड्रायर मेसिन संचालन अनुगमन प्रतिवेदन तयार गरि नगर कृषि समिति तथा निर्देशन समितिमा पेश गर्ने

**परिच्छेद ६**

**१० विविध**

१. कृषि उपज खरिद गरी कृषकलाई दैनिक विवरण पासबुकमा उतार गरी दिने ।

२. कारोबारलाई प्रमाणित गर्न तपसील अनुसारको छाप बनाई प्रयोग गर्ने ।

६.  आवश्यकता अनुसार यस कार्यविधिकलाई कार्यपालिकाले समयानुक संसोधन गर्न सकिनेछ ।

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**